# उपनिर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७६

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७६।०७।१५

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "उपनिर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समिति सम्झनु पर्छ ।

(ग) "उपनिर्वाचन" भन्नाले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम हुने प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य तथा स्थानीय तह सदस्यको उपनिर्वाचन सम्झनु पर्छ ।

(घ) "उपनिर्वाचन सुरक्षा समन्वय समिति" भन्नाले दफा ५ को उपदफा (१) बमोजिमको उपनिर्वाचन सुरक्षा समन्वय समिति सम्झनु पर्छ ।

(ङ) "जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समिति" भन्नाले दफा ७ को उपदफा (१) बमोजिमको जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समिति सम्झनु पर्छ ।

(च) "जेइओसी" भन्नाले आयोगले गठन गरेको संयुक्त उपनिर्वाचन सञ्चालन केन्द्र (जोइन्ट इलेक्सन अपरेशन सेन्टर) सम्झनु पर्छ ।

(छ) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ज) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(झ) "निर्वाचन आचार संहिता" भन्नाले निर्वाचन आचारसंहिता, २०७२ तथा स्थानीय तह निर्वाचन आचारसंहिता, २०७३ सम्झनु पर्छ ।

(ञ) "निर्वाचन कार्यालय" भन्नाले जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ट) "निर्वाचन सामग्री" भन्नाले मतदाता नामावली, मतपत्र, मतपेटिका, छेकाबारा लगायत उपनिर्वाचनमा प्रयोग हुने सबै सामग्री सम्झनु पर्छ ।

(ठ) "मतदान अधिकृत" भन्नाले प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११, प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ड) "सुरक्षाकर्मी" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका अधिकृत तथा अन्य दर्जाका सुरक्षाकर्मी सम्झनु पर्छ ।

(ढ) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभाग सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकाय अन्तर्गतका सुरक्षा निकायलाई समेत जनाउँछ ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२
## उपनिर्वाचनको सुरक्षा व्यवस्थापन

३. उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समिति : (१) उपनिर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आयोग र सुरक्षा निकायबीच सम्पर्क, समन्वय र सहजीकरण गर्न आयोगमा देहाय बमोजिमको एक उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | निर्वाचन आयुक्त (सुरक्षा हेर्ने) | - संयोजक |
| (ख) | सचिव, गृह मन्त्रालय | - सदस्य |
| (ग) | सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| (घ) | सचिव, आयोग | - सदस्य |
| (ङ) | रथी, नेपाली सेना | - सदस्य |
| (च) | प्रहरी महानिरीक्षक, नेपाल प्रहरी | - सदस्य |
| (छ) | सशस्त्र प्रहरी महानिरीक्षक, सशस्त्र प्रहरी बल, नेपाल | - सदस्य |
| (ज) | मुख्य अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | - सदस्य |
| (झ) | सहसचिव, प्रशासन महाशाखा, आयोग | - सदस्य-सचिव |

(२) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(४) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिले आयोगका अन्य पदाधिकारी, कर्मचारी तथा सुरक्षा निकायसँग सम्बद्ध व्यक्तिलाई समेत बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिका सदस्यले नियमानुसार बैठक भत्ता पाउने छन् ।

(६) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिको काम, कर्तव्य र अधिकार : उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उपनिर्वाचन सुरक्षा सम्बन्धी नीति तर्जुमा गर्न सहयोग गर्ने,

(ख) समग्र उपनिर्वाचन सुरक्षा व्यवस्थापन र सुरक्षाकर्मी परिचालनको समीक्षा गरी भावी सुरक्षा कार्ययोजना निर्माण गर्ने,

(ग) उपनिर्वाचन सुरक्षाको स्थितिको अनुगमन तथा शान्ति सुरक्षाको स्थिति अनुमान र व्यवस्थापन गरी सम्बन्धित सुरक्षा निकायलाई आवश्यक निर्देशन दिने,

(घ) उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धी नीतिगत निर्णय गर्नु पर्ने विषयमा आवश्यक राय सुझाव आयोग समक्ष पेश गर्ने ।

५. उपनिर्वाचन सुरक्षा समन्वय समिति : (१) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिको काममा सहयोग पुऱ्याउन तथा आयोग र सुरक्षा निकायबीच उपनिर्वाचन सुरक्षा सम्बन्धी कार्यमा समन्वय गर्न आयोगमा देहाय बमोजिमको एक उपनिर्वाचन सुरक्षा समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | सचिव, आयोग | - संयोजक |
| (ख) | सहसचिव, प्रशासन महाशाखा | - सदस्य |
| (ग) | सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| (घ) | उपसचिव, मतदाता नामावली तथा निर्वाचन सञ्चालन शाखा | - सदस्य |
| (ङ) | उपसचिव, प्रशासन शाखा | - सदस्य-सचिव |

(२) उपनिर्वाचन सुरक्षा समन्वय समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपनिर्वाचन सुरक्षा समन्वय समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(४) उपनिर्वाचन सुरक्षा समन्वय समितिले आयोगका अन्य कर्मचारी तथा सुरक्षा निकायसँग सम्बद्ध व्यक्तिलाई समेत बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) उपनिर्वाचन सुरक्षा समन्वय समितिको सदस्यले नियमानुसार बैठक भत्ता पाउने छन् ।

(६) उपनिर्वाचन सुरक्षा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. उपनिर्वाचन सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार : उपनिर्वाचन सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोग र स्थानीय सुरक्षा निकायबीच सम्पर्क एवं समन्वय कायम गर्ने,

(ख) जिल्लाको उपनिर्वाचन सुरक्षा अवस्थाको बारेमा प्रमुख जिल्ला अधिकारी, निर्वाचन अधिकृत र निर्वाचन अधिकारीसँग नियमित सम्पर्कमा रही जानकारी हासिल गर्ने र सोको प्रतिवेदन उच्चस्तरीय सुरक्षा समितिमा पेश गर्ने,

(ग) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समितिबाट भएका निर्णयहरु कार्यान्वयन गर्ने वा गर्न लगाउने,

(घ) उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धी नीतिगत निर्णयका सम्बन्धमा आवश्यक राय सुझाव आयोग समक्ष पेश गर्ने ।

७. जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समिति : (१) उपनिर्वाचन सुरक्षा व्यवस्थापनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) जिल्लास्थित सुरक्षा निकायका प्रमुख - सदस्य

(ग) निर्वाचन अधिकारी - सदस्य

(घ) सहायक प्रमुख जिल्ला अधिकारी -सदस्य-सचिव

(२) जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(४) जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिले बैठकमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(५) जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार : जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोगको निर्देशन र उपनिर्वाचन सुरक्षा नीति तथा योजना बमोजिम सुरक्षाको आवश्यकता तथा औचित्यता समेतको आधारमा जिल्ला उपनिर्वाचन सुरक्षा योजना तयार गरी कार्यान्वयन गर्ने,

(ख) जिल्ला उपनिर्वाचन सुरक्षा योजना कार्यान्वयन गर्न आवश्यक पर्ने जनशक्ति, साधन र स्रोतको आँकलन गर्ने,

(ग) उपनिर्वाचन प्रचार प्रसारको क्रममा कुनै अप्रिय घटना हुन नदिन राजनीतिक दल र स्थानीय सुरक्षा निकायका प्रतिनिधि समेत रहेको कार्यदल गठन गर्ने,

(घ) जिल्लामा मौजुदा सुरक्षाकर्मीबाट उपनिर्वाचन सुरक्षा व्यवस्था कायम गर्न नसकिने भएमा थप जनशक्तिको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने,

(ङ) केन्द्रीय सुरक्षा समिति र प्रदेश सुरक्षा समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(च) उपनिर्वाचन सुरक्षाको लागि आवश्यकता अनुसार उपयुक्त स्थानमा उपनिर्वाचन कमाण्ड पोष्ट स्थापना गरी सञ्चालन गर्ने,

(छ) उपनिर्वाचन सुरक्षा योजना कार्यान्वयन उपयुक्त तरिकाले भए, नभएको सम्बन्धमा नियमित अनुगमन र मूल्याङ्कन गर्ने,

(ज) जिल्लाभित्र उपनिर्वाचन सुरक्षाको लागि सुक्ष्म र बृहत सुरक्षा योजना, रणनीति र कार्यनीति बनाई सोको कार्यान्वयन गर्ने, गराउने,

(झ) जिल्लाको समग्र सुरक्षा अवस्थाको सम्बन्धमा दैनिक रुपमा जेइओसीलाई जानकारी गराउने,

(ञ) जिल्लाको सुरक्षा वस्तुस्थितिको समीक्षा गरी आवश्यकता अनुसार विभिन्न किसिमका बम विष्फोटन सम्बन्धी थ्रेटलाई प्रतिकार गर्न सक्ने गरी नेपाली सेनाको बम डिस्पोजल टोली खटाउने,

(ट) उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धी नीतिगत निर्णयका सम्बन्धमा आवश्यक राय सुझाव आयोग समक्ष पेश गर्ने ।

९. जेइओसीको काम, कर्तव्य र अधिकार : (१) उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धमा जेइओसीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्ने,

(ख) जिल्लास्तरका विभिन्न सुरक्षा निकायसँग सम्पर्क र समन्वय गरी वस्तुस्थिति बुझी सोको विवरण आयोगमा पेश गर्ने,

(ग) उपनिर्वाचन हिंसाका घटनाको विवरण सङ्कलन, जेखिमको विश्लेषण, रोकथाम र समाधान गर्न उपयुक्त कदम चाल्न आयोग र सम्बन्धित निकायमा सुझाव पेश गर्ने,

(घ) निर्वाचन अधिकृत तथा निर्वाचन कार्यालयहरुले पेश गरेका समस्या समाधान गर्ने व्यवस्था मिलाउने,

(ङ) उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धी सूचना सङ्कलन, प्रशोधन, विश्लेषण गर्ने तथा नियमित रुपमा आयोगमा प्रतिवेदन पेश गर्ने,

(च) उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धमा आयोगले तोके बमोजिमका अन्य कार्य गर्ने ।

(२) जेइओसीको सहयोगको लागि नेपाल प्रहरीको अधिकृतको कमाण्डमा एक सञ्चार टोली रहनेछ ।

१०. प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार : (१) उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लामा उपलब्ध सञ्चार तथा यातायातका साधनलाई उपनिर्वाचनको काममा जुनसुकै बेला प्रयोग गर्न सकिने गरी दुरुस्त अवस्थामा राख्न लगाउने,

(ख) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समिति र जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिबाट तयार गरिएको उपनिर्वाचन सुरक्षा योजना कार्यान्वयन गर्ने,

(ग) उपनिर्वाचनको अवधिमा अन्तर्राष्ट्रिय सीमानासँग जोडिएका जिल्लामा उपनिर्वाचन कार्यमा प्रतिकूल असर पर्न सक्ने कुनै किसिमका गतिविधि वा घुसपैठ हुन नदिने,

(घ) कसैले अवैध हातहतियार राखेको जानकारी हुन आएमा वा अवैध हातहतियार फेला पारेमा त्यस्तो हातहतियार जफत गरी निजलाई प्रचलित कानून बमोजिम कारबाही गर्ने,

(ङ) उम्मेदवार वा राजनीतिक दलले गर्ने आमसभा तथा ऱ्यालीको समय र स्थानको जानकारी लिई आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(च) उम्मेदवार वा राजनीतिक दलको तर्फबाट निस्कने जुलुसको मार्ग तोक्ने र एकभन्दा बढी राजनीतिक दलको सभा, समारोह स्थल एकै ठाउँमा नपर्ने व्यवस्था मिलाउने,

(छ) मतदान सम्पन्न भएपश्चात् मतदान केन्द्रबाट मतपेटिका सुरक्षित रुपमा मतगणनास्थलसम्म ल्याउने व्यवस्था मिलाउने,

(ज) आचारसंहिता तथा उपनिर्वाचन सम्बन्धी प्रचलित कानून कार्यान्वयनको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(झ) उपनिर्वाचन मितिभन्दा बहत्तर घण्टा अघिदेखि सम्बन्धित जिल्लाको अन्तर्राष्ट्रिय सीमा प्रवेशद्वार सिलबन्दी गर्ने व्यवस्था मिलाउने,

(ञ) निर्वाचन अधिकृतसँग निरन्तर सम्पर्क र समन्वयमा मतदानको सुरक्षा व्यवस्थापन गर्ने,

(ट) मतदान हुने दिनको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउनको लागि निरन्तर अनुगमन गर्ने,

(ठ) उपनिर्वाचन हुनुपूर्व सर्वदलीय बैठक गरी उपनिर्वाचनलाई स्वच्छ र स्वतन्त्र बनाउन राजनीतिक दललाई सकारात्मक भूमिकाको लागि अभिप्रेरित गर्ने,

(ड) निर्वाचन अधिकृत तथा निर्वाचन कार्यालयको लागि विशेष सुरक्षा व्यवस्था गर्ने,

(ढ) हुलाक, अस्पताल, विमानस्थल, दमकल, दूरसञ्चार, विद्युतगृह र अन्य यस्तै महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा व्यवस्था मिलाउने,

(ण) उच्छृङ्खल व्यक्तिहरुबाट हुन सक्ने तोडफोड र त्यस्तो व्यक्तिको क्रियाकलाप माथि विशेष निगरानी राख्ने,

(त) उपनिर्वाचन सुरक्षा व्यवस्थापनको लागि आवश्यक अन्य कार्य गर्ने ।

(२) मतगणनाको समय र मतगणना पश्चातको अवधिमा प्रमुख जिल्ला अधिकारीले देहाय बमोजिमको सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ :-

(क) निर्वाचन अधिकृतसँग समन्वय गरी मतगणनास्थलमा आवश्यक सङ्ख्यामा थप सुरक्षाकर्मीको व्यवस्था मिलाउने,

(ख) उम्मेदवार वा राजनीतिक दलका स्थानीय प्रतिनिधिसँग सम्पर्क र समन्वय गरी शान्तिपूर्ण वातावरणमा निर्वाचन परिणाम घोषणा गर्ने व्यवस्था मिलाउने,

(ग) निर्वाचन परिणामको घोषणा पछि निकालिने विजय जुलुस र आमसभाको लागि आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) उपनिर्वाचनमा विजयी तथा पराजित उम्मेदवारको सुरक्षाको उचित प्रबन्ध मिलाउने,

(ङ) उपनिर्वाचनमा विजयी तथा पराजित पक्षहरु बीच हुन सक्ने झडपलाई ध्यानमा राखी व्यापक गस्तीको व्यवस्था मिलाउने ।

११. <u>निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार</u> : उपनिर्वाचन सुरक्षा व्यवस्थापनका सम्बन्धमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सुरक्षा स्थितिको बारेमा राजनीतिक दल, उम्मेदवार तथा सरोकारवालासँग अन्तरक्रिया गर्ने र सुरक्षा स्थितिको बारेमा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ख) सुरक्षा अवस्था मूल्याङ्कनको आधारमा सुरक्षाको आवश्यक प्रबन्ध मिलाउन प्रमुख जिल्ला अधिकारी र सम्बन्धित सुरक्षा प्रमुखसँग नियमित छलफल गरी सुरक्षा निकायलाई आवश्यक निर्देशन दिने,

(ग) उपनिर्वाचन सुरक्षा व्यवस्थापनमा कुनै कमी-कमजोरी देखिएमा तत्काल सुरक्षा निकायको ध्यानाकर्षण गराउने,

(घ) सुरक्षासँग सम्बन्धित विषयहरुमा आफूलाई प्राप्त सूचना स्थानीय सुरक्षा निकाय तथा जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिलाई उपलब्ध गराउने,

(ङ) मतदान कार्यको निरन्तर अनुगमन गरी कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या देखा परेमा तुरुन्तै प्रमुख जिल्ला अधिकारी लगायत अन्य सुरक्षा निकायको ध्यानाकर्षण गराउने,

(च) कुनै मतदान केन्द्रमा हुलदङ्गा, झडप वा कुनै प्रकारको अशान्ति उत्पन्न भई कर्मचारीको उद्दार गर्नुपर्ने अवस्था आईपरेमा तत्काल प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायसँग सम्पर्क गरी उद्दारको व्यवस्था मिलाउने,

(छ) मतदान केन्द्रभित्र मतदाताले मोबाइल फोन, क्यामेरा वा कुनै किसिमको रेकर्डर लैजान नपाउने कुराको जानकारी आम मतदातालाई हुने व्यवस्था मिलाउने,

(ज) मतगणनाको लागि प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा निकायसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(झ) निर्वाचन आचारसंहिता, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ लगायत निर्वाचनसँग सम्बन्धित प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन गर्ने गराउने,

(ञ) उपनिर्वाचन सुरक्षा व्यवस्थापनको लागि आवश्यक अन्य कार्य गर्ने ।

१२. मतदान अधिकृतको काम, कर्तव्य र अधिकार : उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धमा मतदान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन अधिकृतको कार्यालयबाट मतदान केन्द्रतर्फ जाँदा सो केन्द्रको लागि खटिएका सुरक्षाकर्मीसँग साथै जाने,

(ख) सुरक्षाकर्मीलाई मतपत्र, मतपेटिका, मतदाता नामावली, छेकाबारा लगायतका निर्वाचन सामग्रीको सुरक्षाको जिम्मा दिने,

(ग) सुरक्षाकर्मीसँग समेत समन्वय गरी मतदान केन्द्रको निर्माण गर्ने,

(घ) मतदानको समयमा सुरक्षाकर्मीलाई मतदानस्थलमा खटिएका कर्मचारी, मतपत्र, मतपेटिका र अन्य निर्वाचन सामग्रीको सुरक्षा गर्ने कार्यमा लगाउने,

(ङ) मतदान केन्द्रमा सुरक्षा सम्बन्धी समस्या उत्पन्न भएमा तत्काल सुरक्षाकर्मी परिचालन गरी स्थिति नियन्त्रणमा लिने,

(च) मतदान केन्द्रमा मौजुदा सुरक्षाकर्मीबाट मात्र शान्ति सुरक्षा कायम नहुने अवस्था देखिएमा स्ट्राइकिङ्ग टोलीको मद्दत लिने,

(छ) सुरक्षाकर्मी बाहेक अन्य व्यक्तिलाई मतदान केन्द्र वरिपरी हातहतियार सहित हिँड्न वा हातहतियार प्रयोग गर्न नदिने र मतदान केन्द्र र सोको वरिपरी हातहतियार सहित हिड्ने व्यक्तिलाई गिरफ्तार गर्न सुरक्षाकर्मीलाई आदेश दिने,

(ज) मतदान केन्द्रमा खटिएका कर्मचारी, आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति प्राप्त व्यक्ति तथा मतदानको समय समाप्त हुनु अगावै मतदान केन्द्रमा प्रवेश गरेका मतदाता बाहेक अरु कसैलाई मतदानको समय समाप्त भएपछि मतदान केन्द्रमा प्रवेश गर्न नदिन सुरक्षाकर्मीलाई निर्देशन दिने,

(झ) मतदान केन्द्रमा कुनै विवाद उत्पन्न भएमा आवश्यकता अनुसार राजनीतिक दल, उम्मेदवार वा निजको प्रतिनिधिको मद्दत लिई त्यस्तो विवाद सुल्झाउने,

(ञ) मतदाता पंक्तिबद्ध हुने स्थान र मतदाता मतदान गरी बाहिर जाने स्थानमा प्रहरी सुरक्षाको व्यवस्था मिलाउने,

(ट) मतदानको समयमा मतदाता तथा मतदान केन्द्रभित्र प्रवेश गर्ने अन्य व्यक्तिले सलाई, लाइटर, एसिड जस्ता प्रज्वलनशील पदार्थ, क्यामरा, फोटो खिच्ने सामग्री तथा मतदानको गोपनीयता वा सुरक्षा व्यवस्थामा प्रतिकूल असर पुग्ने कुनै पनि वस्तु लैजान नपाउने व्यवस्था मिलाउने,

(ठ) मतदान केन्द्रभित्र प्रवेश गर्ने व्यक्तिलाई मोबाइल फोन प्रयोग गर्न नदिने तथा मतदान केन्द्रमा प्रवेश गर्नु अघि मोबाइल फोन बन्द गर्न लगाएर मात्र प्रवेश गर्न दिने व्यवस्था मिलाउने,

(ड) मतदान कार्य समाप्त भएपछि मतपेटिका निर्वाचन अधिकृतलाई नबुझाउन्जेलसम्म सोको सुरक्षाको जिम्मा लगाई आफू पनि मतपेटिका साथै रहने,

(ढ) निर्वाचन आचार संहिता तथा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ लगायत निर्वाचन सम्बन्धी प्रचलित कानून कार्यान्वयन गर्ने गराउने,

(ण) उपनिर्वाचन सुरक्षा व्यवस्थापनको लागि आवश्यक अन्य कार्य गर्ने ।

१३. <u>जिल्लास्थित सुरक्षा निकायका प्रमुखको काम, कर्तव्य र अधिकार</u> : उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हातहतियार तथा खरखजाना राख्ने इजाजत प्राप्त व्यक्तिबाट मतदानको दिनभन्दा पन्ध्रदिन अगाडिदेखि त्यस्ता हातहतियार तथा खरखजाना नियन्त्रणमा लिने,

(ख) उपनिर्वाचन मितिभन्दा बहत्तर घण्टा अगाडिदेखि उपनिर्वाचनको अन्तिम परिणाम घोषण नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवनमा प्रतिबन्ध लगाउने,

(ग) उपनिर्वाचन बिथोल्न सक्ने व्यक्ति वा समूहमाथि विशेष निगरानी राख्ने,

(घ) मतदातालाई बिना कुनै अवरोध सहज रुपमा मतदान गर्न आवश्यक व्यवस्था मिलाउने,

(ङ) उपनिर्वाचन प्रचार प्रसारको क्रममा निस्कने राजनीतिक दल तथा उम्मेदवारको जुलुसको लागि अलग-अलग मार्ग तोक्ने र एकै समय र स्थानमा एकभन्दा बढी राजनीतिक दलको जुलुस वा सभा गर्न नदिने व्यवस्था मिलाउने,

(च) मतदातालाई मतदान गर्न जान सुरक्षित रहेको प्रत्याभूति दिलाउने गरी सुरक्षाकर्मी परिचालन गर्ने,

(छ) सुरक्षाकर्मी खटनपटन गर्ने र सुरक्षाको लागि आवश्यक हातहतियार तथा अन्य भौतिक साधनको आवश्यक प्रबन्ध मिलाउने,

(ज) निर्वाचन सामग्रीको सुरक्षाको लागि निर्वाचन अधिकृत वा मतदान अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने,

(झ) मतदान केन्द्रमा अनावश्यक भिडभाड हुन नदिन मतदान केन्द्रमा खटिएका सुरक्षाकर्मीलाई निर्देशन दिने,

(ञ) मतदान केन्द्रमा रहेका कर्मचारी, मतपेटिका, मतपत्र र अन्य मतदान कार्यमा प्रयोग हुने निर्वाचन सामग्रीको सुरक्षा प्रबन्ध मिलाउने, मिलाउन लगाउने,

(ट) निर्वाचन आचारसंहिता, निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ र निर्वाचन सम्बन्धी प्रचलित कानूनको कार्यान्वयन गर्न, गराउन मतदान अधिकृत, निर्वाचन अधिकृत लगायत सम्बन्धित सबैलाई आवश्यक मद्दत गर्ने,

(ठ) उपनिर्वाचन सुरक्षा व्यवस्थापनको लागि आवश्यक अन्य कार्य गर्ने ।

१४. सुरक्षाकर्मीको काम, कर्तव्य र अधिकार : उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन उपनिर्वाचन कार्यमा खटिने सुरक्षाकर्मीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हातहतियार तथा खरखजाना राख्ने इजाजत प्राप्त व्यक्तिबाट मतदानको दिनभन्दा पन्ध्र दिन अगाडिदेखि त्यस्ता हातहतियार तथा खरखजाना नियन्त्रणमा लिने,

(ख) उपनिर्वाचन मितिभन्दा अठ्चालीस घण्टा अगाडिदेखि उपनिर्वाचनको अन्तिम परिणाम घोषण नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवनमा प्रतिबन्ध लगाउने,

(ग) उपनिर्वाचन बिथोल्न सक्ने व्यक्ति वा समूहमाथि विशेष निगरानी राख्ने,

(घ) उपनिर्वाचन बहिष्कार गर्ने समूहबाट मतदातालाई मतदान गर्नबाट रोक्न नदिन आवश्यक व्यवस्था मिलाउने,

(ङ) प्रचार-प्रसारको क्रममा निस्कने राजनीतिक दल तथा उम्मेदवारको जुलुसको लागि अलग-अलग मार्ग तोक्ने र एकै समय र उही स्थानमा भिन्न भिन्न जुलुस वा सभा गर्न नदिने व्यवस्था गर्ने,

(च) मतदातालाई मतदान गर्न जान सुरक्षित रहेको प्रत्याभूति दिलाउन सुरक्षा गस्ती बढाउने,

(छ) उपनिर्वाचन कार्य सम्पन्न गर्न चाहिने मतपेटिका, मतदाता नामावली, स्वस्तिक छाप, मतपत्र जस्ता निर्वाचन सामग्रीको सुरक्षाको लागि निर्वाचन अधिकृत वा मतदान अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने,

(ज) उपनिर्वाचन कमाण्ड पोष्टको स्थापना गरी प्रहरीको खटनपटन गर्ने तथा हातहतियार र भौतिक साधनको आवश्यक प्रबन्ध मिलाउने,

(झ) मतदान केन्द्रमा भिडभाड हुन नदिने,

(ञ) मतदान केन्द्रमा रहेका कर्मचारी, मतपेटिका, मतपत्र र अन्य मतदान कार्यमा प्रयोग हुने निर्वाचन सामग्रीहरुको सुरक्षा प्रबन्ध गर्ने,

(ट) निर्वाचन आचार संहिता, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ तथा निर्वाचन सम्बन्धी प्रचलित कानूनको कार्यान्वयनमा मतदान अधिकृतलाई आवश्यक मद्दत गर्ने,

(ठ) मतदान केन्द्रमा खटिएको सुरक्षाकर्मीले मतदान अधिकृतले सुरक्षाको लागि दिएका निर्देशन पालना गर्ने ।

१५. <u>सुरक्षा दिनुपर्ने व्यक्ति, निकाय तथा सामग्री</u> : सुरक्षा निकायले उपनिर्वाचनमा देहायका व्यक्ति, निकाय तथा सामग्रीको सुरक्षा दिनु पर्नेछ :-

(क) निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय,

(ख) निर्वाचन कार्यालय र निर्वाचन अधिकारी,

(ग) उम्मेदवार र निजको प्रतिनिधि,

(घ) मतदाता तथा सर्वसाधारण,

(ङ) मतपेटिका, मतपत्र र मतदाता नामावली लगायतका निर्वाचन सामग्री,

(च) मतदान केन्द्र र मतदान कार्यमा खटिएका कर्मचारी,

(छ) राजनीतिक दलका नेता,

(ज) उपनिर्वाचनको सिलसिलामा आयोजना हुने र्‍याली, आमसभा तथा जुलुसका सहभागी,

(झ) प्रचार-प्रसारमा संलग्न व्यक्ति,

(ञ) पर्यवेक्षक

(ट) उपनिर्वाचन अनुगमन, मतदाता शिक्षा जस्ता उपनिर्वाचन सम्बन्धी कार्यमा खटिएका कर्मचारी तथा पदाधिकारी,

(ठ) सञ्चारकर्मीहरु ।

## परिच्छेद-३

## <u>मतदान पूर्वको सुरक्षा व्यवस्था</u>

१६. <u>उपनिर्वाचनमा संलग्न व्यक्ति तथा उम्मेदवारको सुरक्षा</u> : सुरक्षा निकायले आयोगको निर्देशनमा उपनिर्वाचनको अवधिभर निर्वाचन अधिकृत लगायत उपनिर्वाचनको कार्यमा खटिएका कर्मचारी, उम्मेदवार तथा निजका प्रतिनिधि, स्वयंसेवक र राजनीतिक दलका नेताको आवश्यक सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

१७. <u>कार्यालयको सुरक्षा</u> : नेपाल सरकारले उपनिर्वाचनको समयमा निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला कारागार, दूरसञ्चार कार्यालय, खानेपानीसँग सम्बन्धित कार्यालय तथा संरचना, अस्पताल, रेडियो तथा टेलिभिजन

स्टेशन र त्यसको टावर, विद्युतगृह, विमानस्थल जस्ता महत्वपूर्ण स्थानको विशेष सुरक्षाको लागि सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्नेछ ।

१८. उपनिर्वाचन सुरक्षा सेल : (१) उपनिर्वाचन सुरक्षा व्यवस्थापनको लागि अनुसूची-१ बमोजिमको सुरक्षा सेलको प्रबन्ध गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपनिर्वाचन सेलले देहाय बमोजिम कार्य गर्नेछ :-

(क) उपनिर्वाचन सुरक्षासँग सम्बन्धित विषयमा सूचना सङ्कलन, विश्लेषण, सम्प्रेषण, समन्वय र रिपोर्टिङ्ग गर्ने, गराउने,

(ख) विभिन्न सरकारी तथा गैरसरकारी निकायबीच सम्पर्क र समन्वय गर्ने,

(ग) केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर र सो मातहतका सुरक्षा निकायसँग सम्पर्क र समन्वय गर्ने,

(घ) उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने ।

## परिच्छेद-४
## मतदानको दिनको सुरक्षा व्यवस्था

१९. मतदान केन्द्रको सुरक्षा व्यवस्था : (१) सुरक्षा निकायले मतदान केन्द्रलाई सुरक्षाको दृष्टिकोणबाट अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन वर्गमा विभाजन गरी सुरक्षा संवेदनशीलता र मतदान केन्द्रको सङ्ख्याको आधारमा मतदान केन्द्र सुरक्षाको लागि आवश्यक मात्रामा हातहतियार सहितको सुरक्षा टोलीको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) सुरक्षा निकायले मतदान केन्द्रमा खटिएका मतदान अधिकृत लगायत सम्पूर्ण कर्मचारी, मतदानमा प्रयोग हुने निर्वाचन सामग्री र मतदान केन्द्रको सुरक्षाको लागि प्रहरी टोलीको व्यवस्था गर्नु पर्नेछ ।

२०. स्ट्राइकिङ्ग टोली : (१) प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यको उपनिर्वाचनको लागि आवश्यकता अनुसार सशस्त्र प्रहरी बल, नेपालको स्ट्राइकिङ्ग टोली रहनेछ ।

(२) मतदानस्थल वा सो नजिकको कुनै स्थानमा कुनै व्यक्ति वा समूहले उत्तेजना सिर्जना गर्ने, हतियार प्रयोग गरी वा बम विष्फोटन गरी धनजनको क्षति पुऱ्याउने वा उपनिर्वाचनको कार्यमा प्रतिकूल असर पार्ने कुनै कार्य गरेको वा गर्न लागेको देखिएमा स्ट्राइकिङ्ग टोलीले प्रचलित कानून बमोजिम हदैसम्मको बल प्रयोग गरी सुरक्षा कारबाही गर्नेछ ।

२१. रिजर्भ फौज : जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिले सुरक्षा संवेदनशीलताको आधारमा जिल्लाको विभिन्न स्थानमा आवश्यकता अनुसार रिजर्भ सुरक्षा फौज रहने व्यवस्था मिलाउनेछ ।

२२. हवाई सुरक्षा : मतदानको दिन शान्ति सुरक्षाको स्थितिको निरन्तर निगरानी गर्न सुरक्षाकर्मी सहितको हवाई गस्तीको व्यवस्था गर्न सकिनेछ । त्यस्तो हवाई गस्तीले सुरक्षा समस्या देखिएको मतदान केन्द्रमा तत्काल सुरक्षाकर्मी परिचालन गरी शान्ति सुव्यवस्था कायम राख्ने कार्य गर्नेछ ।

२३. मतदान केन्द्रको अनधिकृत कब्जा भएमा गरिने सुरक्षा कारबाही : मतदान केन्द्रको अनधिकृत कब्जा भएमा सुरक्षाकर्मीले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) मतपत्र रहेका मतपेटिका, मतदानमा प्रयोग नभएका मतपत्र लगायतका निर्वाचन सामग्रीको विशेष सुरक्षा गर्ने,

(ख) मतदान केन्द्रको अनधिकृत कब्जा भएको जानकारी घुम्ती टोली लगायत सम्बद्ध निकायलाई यथाशीघ्र दिई थप मद्दत माग गर्ने,

(ग) मतदान केन्द्र अनधिकृत कब्जा गर्ने वा त्यस्तो कार्यमा सहयोग पुऱ्याउने वा आदेश दिने व्यक्तिलाई नियन्त्रणमा लिने,

(घ) सुरक्षा कारबाही गर्नुपर्ने गम्भीर अवस्थामा मतदान अधिकृतसँग समन्वय गरी अन्य आवश्यक सुरक्षा कारबाही गर्ने ।

२४. सुरक्षा सञ्चार नेटवर्क : आयोगले उपनिर्वाचन अवधिभरको लागि अनुसूची-२ बमोजिमको सुरक्षा सञ्चार नेटवर्कको व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-५

## मतदान पछिको सुरक्षा व्यवस्था

२५. मतपेटिकाको सुरक्षा व्यवस्था : मतदानको कार्य समाप्त भएपछि मतदान केन्द्रबाट मतगणना स्थलसम्म मतपेटिका सुरक्षित रुपमा पुऱ्याउनको लागि आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी रहेको मतपेटिका सुरक्षा टोलीको व्यवस्था गरिनेछ । मतपेटिका सुरक्षा टोलीले मतदान अधिकृतबाट मतपेटिका प्राप्त गरी देहाय बमोजिम सुरक्षित रुपमा मतगणनास्थलमा पुऱ्याउनु पर्नेछ :-

(क) मतपेटिका छिटो साधन र सुरक्षित मार्गबाट मतगणनास्थलसम्म ल्याउने व्यवस्था मिलाउने,

(ख) मतदानमा खटिएका कर्मचारी बाहेक अरुलाई मतपेटिका छुन नदिने,

(ग) मतपेटिकामा लगाइएका सुरक्षण सिल नबिग्रने गरी ढुवानी गर्ने व्यवस्था मिलाउने,

(घ) मतपेटिका लिएर आउँदा बाटोमा कुनै अवरोध वा सुरक्षा खतरा रहेको जानकारी पाएमा वैकल्पिक बाटोको प्रयोग गरी वा त्यस्तो अवरोध वा सुरक्षा खतरा हटेको जानकारी पाएपछि मतपेटिका ल्याउने व्यवस्था मिलाउने,

(ङ) मतदान कार्यमा प्रयोग नभएका मतपेटिका समेत एकैसाथ ढुवानी गर्ने व्यवस्था मिलाउने ।

२६. मतपेटिका भण्डारण स्थलको सुरक्षा : भण्डारण गरिएका मतपेटिकाको सुरक्षाको सम्बन्धमा सुरक्षाकर्मीले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) निर्वाचन अधिकृतसँग समन्वय गरी मतपेटिका सुरक्षित तवरले भण्डारण गर्ने व्यवस्था मिलाउने,

(ख) निर्वाचन अधिकृतको स्वीकृतिमा मतपेटिका राखेको कोठा बाहिर मतपेटिका कुरेर बस्न कुनै उम्मेदवार वा निर्वाचन प्रतिनिधिले चाहेमा बस्न दिने,

(ग) मतपेटिका रहेको स्थानमा हुने आवागमनलाई नियन्त्रण र सीमित गर्ने,

(घ) अनुमति प्राप्त व्यक्ति बाहेक अरुलाई मतपेटिका रहेको स्थानमा वा सो वरिपरी जान नदिने ।

२७. मतगणनास्थलको सुरक्षा : मतगणनास्थलको सुरक्षाको सम्बन्धमा सुरक्षाकर्मीले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) मतगणनास्थलमा प्रवेश अनुमति प्राप्त व्यक्तिहरुको सुरक्षा जाँच गरेर मात्र प्रवेश गर्न दिने,

(ख) मतगणनास्थल वरिपरीको गतिविधिको नियमित रुपमा निगरानी राख्ने,

(ग) मतगणना भइरहेको समयमा कुनै अप्रिय घटना घट्न नदिन सुरक्षाकर्मीको मोबाइल, स्ट्राइकिङ्ग र जगेडा टोली परिचालन गर्ने,

(घ) मतगणना गर्दा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि तथा कुनै पनि असम्बन्धित व्यक्तिलाई मतपत्र छुन नदिने,

(ङ) मतगणनास्थलमा मानिसको भीड हुन नदिन, मतगणना संलग्न कर्मचारीलाई हातपात वा आक्रमण हुन नदिन र मतपत्र खोस्न वा नष्ट गर्न नदिन विशेष निगरानी गर्ने,

(च) मतगणना गर्ने स्थानमा प्रवेश गर्न निर्वाचन अधिकृतबाट अनुमति पाएका कर्मचारी, सुरक्षाकर्मी, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतगणना प्रतिनिधि र पर्यवेक्षक बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न नदिने,

(छ) निर्वाचन अधिकृतबाट अनुमति पाएका सुरक्षाकर्मी बाहेक हातहतियार लिएका अन्य व्यक्तिलाई मतगणना स्थल वरिपरी आउन नदिने,

(ज) मतगणना कार्य प्रारम्भ भएपछि मतगणना नसकिएसम्म मतगणना कार्यलाई शान्तिपूर्ण रुपमा सञ्चालन गर्ने वातावरण कायम गर्ने,

(झ) मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतगणनास्थलमा प्रवेश गर्न नदिने,

(ञ) मतदानको समयमा मतदाता तथा मतदान केन्द्रभित्र प्रवेश गर्ने अन्य व्यक्तिलाई सलाई, लाइटर, एसिड जस्ता प्रज्वलनशील पदार्थ, क्यामरा, फोटो खिच्ने सामग्री तथा मतदान अधिकृतले निषेध गरेका कुनै पनि वस्तु मतदान केन्द्रभित्र लैजान नपाउने व्यवस्था मिलाउने ।

२८. मतगणनास्थलको अनधिकृत कब्जा भएमा गरिने सुरक्षा कारबाही : मतगणनास्थलको अनधिकृत कब्जा भएमा सुरक्षाकर्मीले देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) गणना भएका मतपत्र तथा गणना हुन बाँकी मतपत्रसहितको मतपेटिका लगायतका निर्वाचन सामग्रीको विशेष सुरक्षा गर्ने,

(ख) मतगणनास्थलको अनधिकृत कब्जा भएको जानकारी सम्बद्ध निकायलाई यथाशीघ्र दिई थप मद्दत माग गर्ने,

(ग) मतगणनास्थल अनधिकृत कब्जा गर्ने वा त्यस्तो कार्यमा सहयोग पुर्‍याउने वा आदेश दिने व्यक्तिलाई कब्जामा लिने,

(घ) सुरक्षा कारबाही गर्नुपर्ने गम्भीर अवस्थामा निर्वाचन अधिकृतसँग समन्वय गरी कारबाही गर्ने ।

२९. अन्तिम परिणाम घोषणा हुनु अघिको सुरक्षा व्यवस्था : मतगणनाको अन्तिम परिणाम घोषणा हुनु अघि सुरक्षाकर्मीले देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) निर्वाचन अधिकृतसँग समन्वय गरी मतगणनास्थलको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने,

(ख) निर्वाचन अधिकृत तथा निर्वाचन कार्यालयको विशेष सुरक्षा व्यवस्था गर्ने,

(ग) विजयी तथा पराजित दल तथा तिनका उम्मेदवार र स्थानीयस्तरका नेताहरुसँग सम्पर्क, समन्वय एवं समभ्रूदारी गर्ने,

(घ) परिणामको घोषणा पश्चात निकालिने विजय जुलुस र आमसभाको सुरक्षा व्यवस्था मिलाउने,

(ङ) विजयी तथा पराजित उम्मेदवारको सुरक्षाको उचित प्रबन्ध मिलाउने,

(च) विभिन्न राजनीतिक दलहरुबाट निस्कने जुलुसको मार्ग तोक्ने तथा समारोह स्थल नजुध्ने गरी व्यवस्था मिलाउने,

(छ) हुलाक, अस्पताल, विमानस्थल, दमकल, दूरसञ्चार, विद्युतगृह र अन्य यस्तै महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा व्यवस्था मिलाउने,

(ज) उच्छृङ्खल व्यक्तिहरुबाट हुन सक्ने तोडफोड र तिनका क्रियाकलाप माथि विशेष निगरानी राख्ने,

(झ) विजयी तथा पराजित पक्षहरु बीच हुनसक्ने झडपलाई ध्यानमा राखी व्यापक सुरक्षा गस्तीको व्यवस्था मिलाउने ।

## परिच्छेद-६

## उपनिर्वाचन सुरक्षा मुल्याङ्कन

३०. उपनिर्वाचन सुरक्षा मुल्याङ्कनका आधार : उपनिर्वाचन सुरक्षा व्यवस्थापन सम्बन्धमा सुरक्षा अवस्थाको मूल्याङ्कन देहायको आधारमा गरिनेछ :-

(क) मतदान पूर्वको सुरक्षा :

(१) सबै राजनीतिक दल वा उम्मेदवारले मतदाता समक्ष आफ्ना विचार र कार्यक्रम पुऱ्याउन पाए, नपाएको,

(२) नेपालको सबै भू-भागमा सर्वसाधारण आवतजावत सरल र सहज भए, नभएको,

(३) कुनै स्थानमा उपनिर्वाचनको विषयलाई लिएर हिंसात्मक गतिविधि भए, नभएको,

(४) निर्वाचन आचार संहिता पालना भए, नभएको,

(५) उम्मेदवार तथा उम्मेदवारका प्रतिनिधि सुरक्षित रहे, नरहेको,

(६) उपनिर्वाचन प्रक्रियामा सरिक हुन कसैलाई बाधा अवरोध भए, नभएको,

(७) निर्वाचन सामग्री ओसार पसारमा बाधा अवरोध भए, नभएको,

(८) मतदान गर्न जान मतदातालाई बाटोमा अवरोध पुगे, नपुगेको,

(९) उपनिर्वाचनको कार्यमा संलग्न कर्मचारी र प्रयोगमा ल्याइएका साधन वा सामग्री परिचालनमा अवरोध भए, नभएको,

(१०) उपनिर्वाचन पर्यवेक्षकलाई उपनिर्वाचनका गतिविधिको पर्यवेक्षण गर्न अवरोध भए, नभएको,

(११) सञ्चारकर्मीलाई सूचना तथा समाचार सङ्कलन गर्न अवरोध भए, नभएको,

(१२) कर्मचारीलाई उपनिर्वाचन कार्यक्रम सञ्चालन गर्न कुनै किसिमको धाक, धम्की आए, नआएको,

(१३) बन्द, हडताल र चक्का जाम जस्ता घटना भए, नभएको,

(१४) राजनीतिक दलहरु बीच समझदारी रहे, नरहेको ।

(ख) मतदानको दिनको सुरक्षा :

(१) मतदातालाई स्वतन्त्रतापूर्वक मतदान गर्नबाट वञ्चित गर्ने गरी बाधा अवरोध भए, नभएको,

(२) मतदान कार्यमा बाधा अवरोध भए, नभएको,

(३) मतदान गरी फर्किने क्रममा मतदातालाई अवरोध भए, नभएको,

(४) मतदान केन्द्र वरपर हुलदङ्गा, हतियार प्रदर्शन गर्ने जस्ता क्रियाकलाप भए, नभएको,

(५) मतदान केन्द्र कब्जा गर्ने प्रयास भए, नभएको ।

(ग) मतदान पश्चात्को सुरक्षा :

(१) मतपत्र भएको मतपेटिका तथा अन्य निर्वाचन सामग्री मतगणनास्थलमा लैजान बाधा विरोध भए, नभएको,

(२) मतदानमा संलग्न कर्मचारीहरु सुरक्षित रहे, नरहेको ।

(घ) मतगणना र सो पश्चात्को सुरक्षा :

(१) उम्मेदवार, निर्वाचन प्रतिनिधि र मतगणना प्रतिनिधि सुरक्षित रहे, नरहेको,

(२) मतगणना कार्यमा बाधा अवरोध भए, नभएको,

(३) उपनिर्वाचनमा विजयी उम्मेदवारले शान्तिपूर्ण ढङ्गबाट सभा, जुलुस आदि गर्न पाए, नपाएको ।

## परिच्छेद-७
## विविध

३१. सुरक्षाकर्मी जगेडामा राख्ने : उपनिर्वाचनको क्रममा हुनसक्ने हुलदङ्गा, झै-झगडा लगायत उपनिर्वाचनलाई प्रतिकूल असर पार्ने कुनै अवाञ्छित गतिविधि नियन्त्रणका लागि उपनिर्वाचनमा खटिएका मौजूदा सुरक्षाकर्मीबाट मात्र त्यस्तो गतिविधि वा स्थितिलाई नियन्त्रणमा लिन नसकिने अवस्थामा थप सुरक्षाकर्मी परिचालन गर्नको लागि जिल्ला उपनिर्वाचन सुरक्षा समन्वय समितिले जिल्ला सदरमुकाममा सुरक्षाकर्मीको जगेडा टोलीको व्यवस्था गर्नु पर्नेछ । त्यस्तो जगेडा टोलीलाई तत्काल परिचालन गर्न सक्ने गरी उच्च सतर्क अवस्थामा राख्नु पर्नेछ ।

३२. जिम्मेवारी पूरा गर्नुपर्ने : उपनिर्वाचनलाई स्वच्छ र स्वतन्त्र बनाउन उपनिर्वाचन सुरक्षासँग सम्बन्धित सबै अधिकारी र सुरक्षाकर्मीले आयोगबाट तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्नु पर्नेछ ।

३३. उपनिर्वाचन सुरक्षा अवस्थाको अनुगमन तथा मूल्याङ्कन : (१) आयोगले उपनिर्वाचन अवधिमा दफा ३० मा उल्लिखित आधारमा समग्र उपनिर्वाचन सुरक्षा स्थितिको अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपनिर्वाचन सुरक्षा स्थितिको अनुगमन तथा मूल्याङ्कन कार्य देहायका निकाय, अधिकारी वा व्यक्तिबाट हुनेछ :-

(क) केन्द्रीयस्तर :

(१) निर्वाचन आयोग,

(२) उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समिति,

(३) अनुगमन टोली,

(४) जेइओसी,

(५) राष्ट्रिय मानव अधिकार आयोग ।

(ख) प्रदेशस्तर : प्रदेशस्तरमा रहेका सुरक्षा निकायका प्रमुख ।

(ग) जिल्लास्तर :

(१) निर्वाचन अधिकृत,

(२) अनुगमन अधिकृत,

(३) निर्वाचन अधिकारी,

(४) अनुगमन समिति,

(५) निर्वाचन आचार संहिता अनुगमन अधिकृत,

(६) मतदान अधिकृत तथा सहायक मतदान अधिकृत ।

३४. आवश्यक व्यवस्था मिलाउने : यो निर्देशिका कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा आयोगले आवश्यक व्यवस्था मिलाउनेछ ।

३५. यस निर्देशिका बमोजिम हुने : उपनिर्वाचनको सन्दर्भमा यस निर्देशिकामा लेखिएको विषयमा यसै निर्देशिका बमोजिम हुनेछ ।

अनुसूची-१

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

## उपनिर्वाचन सेल



अनुसूची-२

(दफा २४ सँग सम्बन्धित)

सुरक्षा सञ्चार नेटवर्क

